पुन्वाँ थारु
अध्यक्ष

श्री जागृती सामुदायिक वन उपभोक्ता समुह ,

राप्ती सोनारी गा.पा. वडा नं. ३, बाँके

गोलिया काठ तथा दाउरा चट्टा बोलपत्रद्धारा लिलाम बिक्रि सम्बन्धी सूचना

(दोस्रो पटक सूचना प्रकाशित मिति २०८१/५/०६ )दैनिक नेपालगंज

विस्तृत सूचना

यस सामुदायिक वन उपभोक्ता समुहले व्यवस्थापन गरेको वन क्षेत्रका समुहको स्वीकृत वन व्यवस्थापन योजना अनुसार डि.व.का.बाँकेको च.नं.२५२० मिति २०८०/११/२४ गतेको वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ दाउरा समुहमा आन्तरिक खपत भई बाँकी रहेका काठ दाउरा डि.व.का. बाँकेको च.नं.१७ मिति २०८१/०३/३१ को बाह्य लिलाम सहमति बमोजिम समुहको घाटगद्दीमा रहेका साल,सिसौ,खयर,अस्ना,मौवा,धौटी,टिकुई र दबदबे लगायतका गोलिया थान १३८ को ७३१.२७ घन.फीट काठ र साल दाउरा १.५० चट्टा र साल र सिसौ जातको दाउरा १.०० चट्टा अन्य जातको दाउरा २.०० चट्टा हाल जे जस्तो अवस्थामा छ सोही अवस्थमा आफ्नै खर्चमा उठाइ लैजाने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले सूचिकृत भएका काठ व्यवसायीहरुले यो सुचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ औ दिन भित्र बोलपत्र खरिद गरी १६ औ दिनको कार्यालय समय सम्म सिलबन्दि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत सूचना यस समुहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा सम्बन्धित सबैलाई सुचित गरिन्छ ।

## तपशिल

| जात | ग्रेड | थान | परिमाण | दर | न्युनतम मुल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|
| साल | बि | २ | १४.५३ | ९०० | १३०८०.८६ | २१८०.१४ | |
| साल | सि | २५ | १०२.२२ | ६०० | ६१३२९.१८ | १५३३२.३० | |
| असना | बि | १ | ९.०३१ | ३०० | २७०९.३८ | १३५४.६९ | |
| असना | सि | ६ | ८५.४१ | १०० | ८५४१.३८ | १२८१२.०७ | |
| सिसौ | ए | ३ | २०.५४ | ७०० | १४३७७.०४ | ३०८०.७९ | |
| सिसौ | बि | १४ | ४२.०४ | ५०० | २१०२०.६० | ६३०६.१८ | |
| खयर | ए | ४७ | ६७.९१ | १००० | ६७९०५.१६ | १०१८५.७७ | |
| मौवा | | २ | ३८.१४ | १०० | ३८१४.१५ | ५७२१.२२ | |
| धौटी | | २७ | २६२.८० | १०० | २६२८२.६४ | ३९४२३.९५ | |
| टिकुई | | ५ | ४६.३३ | १०० | ४६३३.२० | ६९४९.८० | |
| दबदबे | | ६ | ४२.२९ | १०० | ४२२८.५६ | ६३४२.८४ | |
| जम्मा | | १३८ | ७३१.२७ | | २२७९२२.१४ | १०९६८९.७६ | |
| साल जातको दाउरा चट्टा | | | १.५० | १२००० | १८००० | १८००० | |
| अन्य जातको दाउरा चट्टा | | | २.०० | ४००० | ८००० | २४००० | |
| सिसौ र साल जातको दाउरा चट्टा | | | १.०० | १२००० | १२००० | १२००० | |
| कुल जम्मा | | | | | २६५९२२.१४ | १६३६८९.७६ | |

## शर्त तथा नियमहरु

१. बोलपत्र खरीद गर्नु पर्ने अन्तिम मिति र समय : २०८१/०५/२० समय दिउसो ४.०० सम्म ।

२. बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय : २०८१/०५/२१ समय दिउसो ४.०० सम्म ।

३. बोलपत्र साथ कबुल गरेको रकमको १० प्रतिशत रकम यस समुहका शाईन रेसुङ्गा विकास बैंक अगैया शाखा रहेको हिसाब नं. ०७०००१००३२६७५१००००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिना सम्म म्याद भएको बैंक ग्यारेन्टी समावेश गरेको हुनु पर्नेछ ।

४. बोलपत्र फारम रु १०००/-(पछि फिर्ता नहुने गरी) तिरी यस समुह वा डिभिजन वन कार्यालय, बाँकेबाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

५.लिलाम हुने वन पैदावार कार्यालय खुलेको समयमा यस सा.व.उ.स. को घाटगद्दीमा गई हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिने डि.व.का.मा सूचिकृत भएका ईच्छुक काठ दाउरामा आधारित उद्योगहरुले सूचिकृत भएको प्रमाणपत्रको प्रतिलिपी सहित नेपाली नागरिकताको प्रमाणपत्र, कर दर्ता/चुक्ताको प्रमाणपत्रको प्रतिलिपी, मूल्य अभिबृद्धी कर दर्ताको प्रतिलिपी वा स्थायी लेखा नम्बर (पि.पि.एन.) दर्ताको प्रमाणपत्रको प्रतिलिपी, कारोबार गर्न अनुमसत पाएको फर्मको प्रतिलिपी साथ सिलबन्दि बोलपत्र पेश गर्नु पर्नेछ ।

७. निर्धारित न्युनतम संख्या र रितपुर्वक दाखिला हुन आएमा बोलपत्रहरु मिति २०८१/५/२२ गते विहान ११:०० बजे समुहले समूह, कार्यालयहरु, बोलपत्र दाखिला गर्ने फर्मको प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ साथै बोलपत्र दाखिला गर्ने फर्मको प्रतिनिधी अनुपस्थित भएमा पनि बोलपत्र खोलिनेछ ।

८. बोलपत्र खरिद दाखिला वा खोल्ने दिन विदा परेमा क्रमश कार्यालय खुलेको पहिलो दिनमा गरिनेछ ।

९. लिलाम विक्री सदर भएको जानकारी प्राप्त भएको मितिले वा समुहले कार्यालयको सूचना पाटिमा टाँस गरेको मितिले १० दिन भित्र सकार रकम , मूल्य अभिबृद्धि कर तथा संकलन खर्च नियमानुसार छुट्टाछुट्टै बुझाई लिलाम चढेका वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

१०. बोलपत्र सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ । अङ्क र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार समुहमा रहनेछ ।

१२. अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।